**बैंक खाता मार्फत सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी सम्झौता पत्र**

सबै सामाजिक सुरक्षा भत्ता बैंक खाता मार्फत उपलब्ध गराउने नेपाल सरकारको नीति बमोजिम **घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, हायुटार, सिन्धुली** (यस पछि गाउँपालिका भनिएको छ) र **श्री नेपाल एस बि आई बैंक लि घ्याङलेख** (जसलाई यस पछि बैंक भनिएको छ) बीच **घ्याङलेख गाउँपालिका वडा नं. १, २, ३, ४ र ५** को सामाजिक सुरक्षा भत्ता आ.व. २०८०।०८१ को पहिलो त्रैमासिक देखि बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्ने प्रयोजनको लागि निम्न शर्तको अधिनमा रहि आज मिति २०८०।०५।१२ गते मंगलवारका दिन जिल्ला सिन्धुली घ्याङलेख गाउँपालिका वडा नं. २ हायुटार कार्यालयमा बसी सम्झौता पत्रमा हस्तक्षर गरी लियौं/दियौं ।

**शर्तहरू**

१. गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता पाउने लक्षित समूह अनुसार लाभग्राहीहरूको नाम, नागरीकता प्रमाण पत्र नं., सामाजिक सुरक्षा भत्ता परिचय पत्र नं. (गाउँपालिकाले उपलब्ध गराउने संकेत नं.) ठेगाना, निजले त्रैमासिक पाउने रकम समेतको पूर्ण अद्यावधिक विवरण उल्लेख गरी सबै समुहका लाभग्राहीको भत्ता भूक्तानी भर्पाई प्रमाणित गरी हरेक त्रैमासिकमा बैंकलाई MIS प्रविधिमा प्रविष्ट भएको विवरणको विद्युतीय प्रती (Eletronic Copy) उपलब्ध गराउनेछ ।

२. बैंकले गाउँपालिकाबाट प्राप्त विवरण बमोजिम लाभग्राहीको नाममा शून्य मौज्दातमा सामाजिक सुरक्षा बचत खाता खोल्नेछ । यसरी खाता खोल्दा लाभग्राहीको सामाजिक सुरक्षा भत्ता कारोबारको विवरण देखिन सक्ने गरि १३ अङ्कको सामाजिक सुरक्षा परिचयपत्र नम्बर बैंकको मुख्य कारोबार गर्ने प्रणालीमा अनिवार्य सेभ गर्ने व्यवस्था गर्नु पर्नेछ ।

३. गाउँपालिकाले बैंकबाट सामाजिक सुरक्षा रकम वितरण गर्न लागिएको विषयमा आफ्नो गाउँपालिका भित्रका लाभग्राहीहरुले थाहा पाउनेगरी सो को सूचना पत्रपत्रिका वा रेडियो वा अन्य उपयूक्त माध्यामबाट प्रचारप्रसार गर्नेछ ।

४. गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता रकम वितरण गर्ने समयमा एक जना कर्मचारी खटाई बैंकलाई सहयोग गर्नेछ ।

५. बैंकले सम्बन्धित गाउँपालिकाबाट लिखित जानकारी प्राप्त गरेपछि आवश्यकता अनुसार गाउँपालिका तथा लाभग्रहीको नाममा अलग अलग खाता खोली खाता नं. सहितको विवरण विद्युतिय माध्यामबाट गाउँपालिकालाई उपलब्ध गराईने छ ।

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
गा.पा. अध्यक्ष

६. गाउँपालिकाले हरेक त्रैमासिकमा लक्षित समुह, खाता नं. र पाउने रकम खुलाई एकमुष्ट रकमको चेक बैंकलाई उपलब्ध गराउने छ । यसरी प्राप्त रकम बैंकले प्रमाणित भत्ता भूक्तानी भर्पाईको आधारमा भत्ता रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहित रकम भए सो समेत १५ दिन भित्र गाउँपालिकालाई उपलब्ध गराउनेछ ।

७. बैंकले परिचयपत्रवाला सम्बन्धित व्यक्ति, अपाङ्गता परिचयपत्र (रातो कार्ड) प्राप्त गरेका अपाङ्गता भएका व्यक्ति र वालपोषण भएको भत्ता पाउने दलित वालवालिकाहरु लगायत सक्पूर्ण लाभग्राहिहरुको आवश्यकता अनुसार अभिभावक वा ईच्छाइएको व्यक्तिको फोटो र सहिछाप भिडाई फरक नपर्ने गरी गाउँपालिकाको लिखित जानकारी अनुसार बचत खाता खोल्ने व्यवस्था गर्नेछ ।

८. उमेर नपुगेका वालवालिका, अपाङ्गता भएको व्यक्ति र अशक्त जेष्ठ नागरिकहरुको हकमा अभिभावक, संरक्षक वा कानुनी अख्तियार प्राप्त व्यक्ति मध्ये कुनै एकको हस्ताक्षरबाट वा गाउँपालिकाले निर्दिष्ट गरे बमोजिमको खाता संचालन हुने गरी बचत खाता खोली खाता संचालन गर्नेछ ।

९. कुनै लाभग्राहीको लगत कट्टा भएमा लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी गाउँपालिकाले तत्काल प्रणाली मार्फत बैंकलाई उपलब्ध गराउनेछ । सो जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको खातामा उक्त मिति पछिको रकम जम्मा नगरी गाँउपालिकामा फिर्ता पठाउने छ ।

१०. बैंकले प्रत्येक त्रैमासिकमा प्रत्येक खातावालको उक्त खाताको कारोवार झल्कने प्रतिवेदन गाउपालिकालाई दिनेछ । उक्त खातामा जम्मा रहेको रकम मध्ये केही वा सबै रकम रोक्का राख्न वा फिर्ता गर्न गाउँपालिकाबाट लेखी आएमा बैंकले सोही बमोजिम रोक्का वा फिर्ता गर्नेछ ।

११. बैंकले लाभग्राहिको आवश्यकता तथा बैंकको खाता संचालन सम्बन्धि नियम अनुसार चेक तथा अन्य बैंकिङ्ग सुविधाहरु उपलब्ध गराउने छ ।

१२. बैंकले निष्कृय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिना भित्र गाउँपालिकालाई दिनुपर्ने छ ।

१३. तथ्याङ्क आदान प्रदान गर्दा सुरक्षित API, Forward Feed, Reverse Feed जस्ता विद्युतिय माध्यमबाट मात्र गरिने छ ।

१४. प्रत्येक आ.व. भित्रको अवधिमा कत्ति पनि रकम नझिक्ने लाभग्राहिको खाता विवरण गाउँपालिकालाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको १ महिना भित्र उपलब्ध गराउने छ ।

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
गा.पा. अध्यक्ष

